# भवन तथा नक्शा शाखा

# वार्षिक समीक्षा कार्यक्रम


सिद्धार्थनगर नगरपालिका

आयोजकः
सिद्धार्थनगर नगरपालिका कार्यालय, रुपन्देही
नेपाल

# विषयवस्तु र समय तालिका

| क्र.स | विषयवस्तु | समय |
|---|---|---|
| १ | परिचय | |
| २ | बिस्तृत कार्य विवरण | |
| ३ | छलफल र समापन | |

# परिचय




# बिस्तृत कार्य विवरण

## आ. ब. २०७९/८० को नक्शा पासको अवस्था:

- नक्शा दर्ता = ३१६
- अस्थायी नक्शा पास =२९७
- स्थायी नक्शा पास = ३०९
- सम्पन्न प्रमाण पत्र = २७५
- अभिलेखीकरण निवेदन दर्ता = ५६३

# सिद्धार्थनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## घर नक्सा नियमित वा अभिलेखीकरण गर्ने सम्बन्धी जरुरी सूचना

सूचना प्रकाशन मिति : २०७९।१२।१७

सिद्धार्थनगर नगरपालिकाको स्वीकृत भवन तथा योजना मापदण्ड, २०७२ अनुसार नगरपालिका क्षेत्रभित्र निर्माण भएका तर निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त नभएका (नदी, ताल, नहर, कुलो, सडक जस्ता सार्वजनिक मापदण्डका कारण नक्सापास नभएका बाहेक) मिति २०७८ चैत्र १५ अघिसम्मका आवासीय घर तथा भवनका संरचनाहरुको नक्सा नियमित वा अभिलेखीकरण गर्ने गराउन हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ९० दिनभित्र सिद्धार्थनगर नगरपालिका घर नक्सा शाखा वा वडा कार्यालयमा नक्सा नियमित वा अभिलेखिकरणका लागि निवेदन दिनु हुन सम्बन्धित घरधनीहरुमा अनुरोध गरिन्छ।

सिद्धार्थनगर नगरपालिका

# सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

## सार्वजनिक सम्पत्ति संरक्षण गर्ने सम्बन्धी सिद्धार्थनगर नगरपालिकाको सूचना

*सूचना प्रकाशित मिति : २०७९/०८/२९*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) को खण्ड (क) ले सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने कर्तव्य स्थानीय तहलाई तोकेकोछ। त्यसैगरी ऐ ऐनको दफा ९७ (१) मा आफ्नो भौगोलिक क्षेत्र भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा संरक्षण गर्ने कानूनी दायित्व समेत स्थानीय तहलाई तोकेको छ। मुलुकी देवानी संहिता, २०७४ को भाग-५ अन्तर्गतको दफा २९९, ३०० र ३०१ मा सरकारी सार्वजनिक र सामुदायिक सम्पत्तिको प्रकार र प्रकृति उल्लेख गरेको छ। ऐ संहिताको दफा ३०४ ले त्यस्ता सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय तहको समेत हुने कानूनी व्यवस्था गरेकोछ। उल्लेखित कानूनी व्यवस्थाहरुका आधारमा सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्तिको संरक्षण गर्ने दायित्व यस कार्यालयको रहेकोले कुनै पनि संघ, संगठन, निकाय, समूह, व्यक्ति वा अन्य जो कसैले जुनसुकै तरिका वा प्रक्रियाबाट त्यस्ता सम्पत्तिको नोक्सान गर्ने, क्षति गर्ने, नष्ट गर्ने वा अतिक्रमण गर्ने कार्य निषेध गरिएको व्यहोराको यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको उल्लङ्घन गरी कसैले सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्तिमा हानी नोक्सानी गरेमा, क्षति पुऱ्याएमा वा नष्ट गरेमा वा अतिक्रमण गरेमा यसै सूचनालाई आधार मानी सूचना प्रकाशन भएको मितिले कानुन बमोजिमको म्याद ३५ दिन भित्र गैर कानूनी अतिक्रमण भएको सार्वजनिक तथा सामुदायिक सम्पत्तिमा बनेको संरचना हटाउनु होला अन्यथा यो सूचनालाई अटेर गरेमा त्यस्तो कार्य गर्ने सम्बद्ध पक्षलाई कानुन बमोजिम कारवाही एवं हानी नोक्सानी बापतको क्षतिपूर्ति समेत कानुन बमोजिम भराईने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ। साथै, उल्लेखित गैर कानूनी कार्य गरेको देखेमा सिद्धार्थनगर नगरपालिकामा जानकरी दिनु हुन सम्पूर्ण नगरवासीमा अनुरोध गरिन्छ।


NSET

## नक्शा गोदामको पहिलेको अवस्था





## नक्शा गोदामको बिचको अवस्था





## नक्शा गोदामको अहिलेको अवस्था




# धन्यवाद